गेरूवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५ मितिः २०८१/०३/२३

भाग - १

## गेरूवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गेरूवा गाउँपालिकाको गाउँसभा बाट मिति २०८१/०३/२३ गते जारी गरेको देहाय बमोजिमको ऐन सर्वसाधारणको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०३ बमोजिम प्रकाशन गरिएको छ ।

सम्बत् २०८० सालको ऐन नं. ४

# बिनियोजित ऐन, २०८१

# बिनियोजित ऐन, २०८१

**प्रमाणिकरण मितिः २०८१/०३/२३**

**प्रस्तावनाः**

गेरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गेरुवा गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम गेरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष** २०८१/०८२ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, विषयगत समिति, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लखित चालु खर्च, पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ५३०८८७५००/-(अक्षरेपी त्रिपन्न करोड आठ लाख सत्तासी हजार पाचँ सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त गेरुवा गाउँ कार्यपालिका, विषयगत समिति र वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गेरुवा गाउँ कार्यपालिका, विषयगत समिति र वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता  पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस ऐन बमोजिम विनियोजन गरिएको रकममध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषिविकास, महिला तथा वालवालिका लगायत क्षेत्रमा विनियोजीत रकमलाई विषयगत शाखा बाट विस्तृत कार्यक्रम तयार गरी खर्च गर्न सकिने छ ।

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.सं. | शीर्षको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | १०,८२,२०,००० | १,१४,५५,००० | ११,९६,७५,००० |
| २ | विषयगत समिति | ७,१२,९६,००० | १०,१७,१०,००० | १७,३०,०६,००० |
| ३ | वडा समिति | ४१,९३,००० | १,२८,०३,००० | १,६९,९६,००० |
| ४ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० |
| ५ | लगानी ( शेयर/ऋण) | ० | ० | ० |
| ६ | संघ तथा प्रदेश सरकार समपूरक | ० | १,७०,००,००० | १,७०,००,००० |
| ७ | संघ तथा प्रदेश प्रदेश सरकार सशर्त अनुदान | १९,३४,१०,५०० | २,३३,००,००० | २१,६७,१०,५०० |
| ८ | संघिय तथा प्रदेश प्रदेश तथा सरकार विशेष अनुदान | १,७५,००,००० | ० | १,७५,००,००० |
| | कुल जम्मा | **३९,४६,१९,५००** | **१६,६२,६८,०००** | **५६,०८,८७,५००** |

आज्ञाले
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत